"समृद्ध दोलखाको आधार, शिक्षा, स्वास्थय, जलश्रोत, पर्यटन, व्यवसायिक कृषि र पुर्वाधार"

# दोलखा जिल्लाको समग्र विकास र समृद्धिका लागि छैठौ जिल्ला सभा २०७८ बाट पारित समसमायीक विषय सम्बन्धी साझा प्रस्ताव

# भीमेश्वर नगरपालिका, जिरी नगरपालिका, तामाकोशी, मेलुङ, शैलुङ, कालिञ्चोक, विगु, गौरीशंकर र बैतेश्वर गाँउपालिका

# जिल्ला समन्वय समिति
## चरिकोट, दोलखा
## २०७८

**नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समृद्ध दोलखा, सुखी दोलखालीको नारालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्दै संघीय शासन प्रणालीको मर्मलाई स्थापित गराउने उद्धेश्य र दायित्व स्थानीय सरकारको भएकोले सो दायित्व पुरा गर्न हामी दोलखामा रहेका जिल्ला समन्वय समिति र स्थानीय सरकारका पदाधिकारीहरुले छैठौ जिल्ला सभा मार्फत देहाय बमोजिमको समसमायिक विषय सम्बन्धी साझा प्रस्वावहरु घोषणा गरेका छौ।**

१. जिल्ला समन्वय समितिलाई संविधानद्धारा प्रदत्त अधिकार तीन तहका सरकारहरुका बीचमा समन्वय, सहज ीकरण, सन्तुलित विकासका लागि प्रभावकारी अनुगमन र क्षमता विकासका कार्यहरु सञ्चालनमा प्रभावकारिताको लागि आवश्यक ऐन, कानुन तथा कार्यविधिहरु जार ी गर्न संघ ीय तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

२.संवैधानिक मर्म र भावना अनुसार प्रदेश सरकारका अधिकांश विषयगत कार्यालयहरु दुई वा सोभन्दा वढी जिल्ला हेर्ने गरी दोलखा जिल्ला बाहिर राखिएकोले संघीय प्रणाली प्रतिकूलका निर्णय तत्काल सच्याई स्थानीय तहबाटै प्रत्यक्ष रुपमा जनताले सेवा सुविधा पाउने गरी कार्यालय

व्यवस्थापन गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने । प्रदेश सरकारबाट स्थापना गरिनु पर्ने कार्य◌ालयहरु क्रमशः सहकारी डिभिजन, कृषि ज्ञान केन्द्र, खानेपानी सरसफाई डिभिजन, पुर्वाधार विकास, भू–तथा जलाधार व्यवस्थापन, सार्वजनिक निर्माण कार्यान्वयन ईकाइ, पर्यटन विकास आदि कार्यालयहरु दोलखा जिल्लामा एउटै छातामुनि रही सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने ।

३. दोलखा जिल्लालाई अर्गानिक उत्पादन जिल्ला घोषणा गर्ने अर्गानिक अभियान सफल पार्न प्रदेश तथा संघीय सरकारबाट आवश्यक सबै प्रकारको सहयोगको लागि अनुरोध गर्ने ।

४. दोलखा जिल्लामा निर्माण हुने जलविद्युत आयोजनाहरुमा निश्चित प्रतिशत साधारण शेयर दोलखाली जनताको लागि सुनिश्चितता हुने गरी ऐन, कानून, कार्यविधि निर्माणका लागि संघ◌ीय सरकार समक्ष अनुरोध गर्ने ।

५. जिल्ला स्थित  सबै तहका सरकारी कार्यालयहरुमा दरवन्दी बमोजिम कर्मचारीको पदपूर्ति नहुँदा सेवा प्रवाहमा प्रतिकूल प्रभाव पर्न गएकोले जिल्लामा रहेका संघीय, प्रादेशिक र स्थानीय तहहरुका कार्यालयहरु, सुरक्षा निकायहरु र शिक्षकको स्वीकृत दरवन्दी बमोजिमका कर्मचारीहरु यथासिघ्र पदपूर्तिका लागि प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्ने ।

६. संविधान तथा स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय तहको क्षेत्राधिकारका विषयहरु तथा साझा अधिकारका विषयहरु कार्यान्वयनका लागि आवश्यक ऐन, कानुन, कार्यविधि र निर्देशिका

यथासिघ्र निर्माण वा परिमार्जनका लागि संघीय तथा प्रादेशिक सरकार समक्ष अनुरोध गर्ने ।

७. एक स्थानीय तह भन्दा बढि तहसंग अन्तर सम्वन्धित सहकारीहरुको अनुगमन र नियमन कार्य प्रदेश तहबाट गर्दा सेवा प्रवाहको दृष्टिले उपयुक्त नहुने हुँदा जिल्ला भित्र कार्य क्षेत्र भएका सहकारीहरुको अनुगमन एवं नियमनको कार्य जिम्मेवारी जुन स्थानीय तहामा सहकारीको केन्द्रिय कार्यालय रहेको हुन्छ सोही स्थानीय तह वा जिल्ला समन्वय समितिलाई उपलब्ध गराउन प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

८. उत्तर दक्षिण अन्तरदेशिय राजमार्ग(लप्चि-जलेश्वर)को लामाबगर- लप्चि खण्डमा पर्ने सुरुङ निर्माणको लागि संघीय सरकारले आ.व. ०७८/७९ मा बजेटको व्यवस्था गरेकोमा संघीय सरकारलाई हार्दिक धन्यावाद ज्ञापन गर्दै यथासिघ्र कार्य प्रारम्भको प्रक्रिया अघि बढाउन अनुरोध गर्ने।

९. दोलखा जिल्लाको जिवनरेखा(Life Line)को रुपमा रहेको खाडिचौर-चरिकोट- जिरी सडक निर्माणको लागि बोलपत्र आव्हान भइ कार्य प्रारम्भ भएको लामो समय भएता पनि मुडे- चरिकोट खण्ड निर्माण सम्पन्न हुन नसक्दा गुणस्तरीय र सुरक्षित यातायात सेवा बाट दोलखालीहरु बञ्चित हुन परेको यथार्थता प्रति संवेदनशिल बन्दै उक्त सडक खण्ड यथाशिघ्र निर्माण सम्पन्न गर्नका लागि संघ सरकारको भौतिक पुर्वाधार मन्त्रालयलाई अनुरोध गर्ने।

१०.जिल्लामा निर्माण भैसकेका तथा निर्माणाधिन जलविद्युत आयोजना हरुले आ-आफ्नै प्रसारण लाइन निर्माण गर्दा दोलखा जिल्लाभरिनै विद्युत प्रसारण लाइनहरुको सञ्जाल निर्माण भई प्राकृतिक सौन्दर्यतामा ह्रास आउने, वन जंगल मासिन जाने र उद्योग व्यवसाय सञ्चालन गर्न

समेत कठिन हुने लगायत तामाकोशी गाउँपालिकाको सहरेटारमा बस्तीनै जोखिममा परि स्थानन्तरण गर्नु पर्ने अवस्था आएकोले यस किसिमको जोखिम नआउन र प्राकृतिक सौन्दर्यता जोगाउन एकिकृत विद्युत प्रसारण हाइवे निर्माणका लागि उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय साथै नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्ने।

११.तामाकोशी तेस्रो जलविद्युत आयोजनाको निर्धारित क्षमता ६५० मेगावटमै निर्माण गर्न लगानि बोर्डलाई अनुरोध गर्ने।

१२.ढुङ्गा गिट्टी बालुवाको उत्खनन् सम्बन्धी मापदण्ड भौगोलिक अवस्था अनुसार उपयुक्त नभई एउटै किसिमको भएकोले सो लाई सुधार गरी भौगोलिक अवस्थाको बनावट तथा नदिको बहाब अनुसार तराई, पहाड हिमालको हकमा अलग अलग मापदण्ड बनाउन नेपाल सरकारलाई अनुरोध गर्ने।

१३.हाल सम्म पनि सबै स्थानीय तह/वडा कार्यालयको आफ्नै कार्यालय भवन नभइ सेवा प्रवाहमा समेत  कठिनाई भएकोले कार्यालय भवन निर्माण गर्न आवश्यक पर्ने बजेट व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।

१४.दोलखा जिल्लाको ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्तवको शैलुङ क्षेत्रको सिमाना सम्बन्धमा रामेछापको दोरम्बा गाउँपालिकाले बिना प्रमाण अनावश्यक रुपमा सिमा विवाद झिकि हस्तक्षेप गरेकोले त्यस सम्बन्धमा यसरी अनावश्यक सिमा विवाद झिकेको कारण दुइ पक्षबाटनै झडप हुन सक्ने अवस्था देखिएकोले यस सम्बन्धमा यथासिघ्र सिमा विवाद निरुपण गर्न शैलुङ, मेलुङ र दोरम्बा गाउँपालिकालाई समेत राखी सत्य तथ्य प्रमाण बुझि सिमा सम्बन्धमा स्पष्ट गरिदिन नेपाल सरकारलाई अनुरोध गर्ने।

१५.शैलुङ र मेलुङ क्षेत्रलाई समुदायमा आधारित संरक्षित क्षेत्र बनाउन नेपाल सरकारलाई अनुरोध गर्ने।

१६.अविरल वर्षाका कारण दोलखा जिल्ला कालिञ्चोक गाउँपालिका वडा नं ५ रानिवन पहिरो लगायत जिल्लाका विभिन्न स्थानीय तहहरुका विभिन्न स्थानहरुमा बाढि पहिरोले पुर्याएको मानवीय तथा भौतिक क्षति प्रति छैठौ जिल्ला सभाको यो बैठकबाट गहिरो दुःख व्यक्त गर्दै पिडितहरुलाई राहत, पुनसस्थापना तथा पुनर्निर्माणमा सहयोग पुर्याउन प्रदेश तथा संघीय सरकार समक्ष अनुरोध गर्ने।

१७.भुकम्प पछिको पुनर्निर्माण कार्य सञ्चालन गर्न जिल्लामा रहेका सरोकारवाला कार्यालयहरु खारेजि पछि पुनर्निर्माणका सबै क्षेत्रका बाँकि कार्यहरु सम्पन्न गर्न सम्बन्धित स्थानीय तहहरुलाई जिम्मेवारि हस्तान्तरण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने।

१८.दोलखा जिल्लाका स्थानीय तहहरुमा खोलिएका ग्रामिण सडकहरुको स्तरोन्नती गर्दै पालिका केन्द्र तथा सम्भव भएसम्म वडाकेन्द्र भाग सम्म पुग्ने सडक कालोपत्रे गर्न संघ/प्रदेश सरकारसँग आवश्यक बजेटको लागि अनुरोध गर्ने।

१९.सम्पुर्ण दोलखाली नागरिकहरुलाई कोरोना भाइरसको महामारीबाट बचाउन कोभिड -१९ बिरुद्धको खोप यथासिघ्र व्यवस्था मिलाउन संघीय सरकारसँग माग गर्ने।